# जनकपुरधाम उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**जनकपुरधाम, धनुषा**
**मधेश प्रदेश, नेपाल**

पत्र संख्या :-२०७९/०८०
फोन नं. ९८५४०५६१११:-
website:janakpurmun.gov.np

चलानी नं. १०,६६०

मितिः-२०८०/०३/२५

विषयः- IEMIS अद्यावधिक गर्ने सम्बन्धमा पुनःसूचना।

श्री सामुदायिक, परम्परागत तथा संस्थागत विद्यालयहरु।

प्रस्तुत विषयमा यस जनकपुरधाम उप म.न.पा. अन्तर्गत संचालित शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.न.६८ मिति २०८०/०३/२४ को पत्रानुसार निर्धारित समय भित्र अनलाइनमा विवरण अपलोड गर्दा Upload Successfully भनी System बाट जानकारी प्राप्त भएका विद्यालयहरुको अनलाइन प्रोफाइल अपडेट नभएका कारण Report नदेखिएको हुन सक्छ, तसर्थ त्यस्ता विद्यालयहरुलाई अनलाइन प्रोफाइल अपडेट गर्नुहुन र निर्धारित समयभित्र विवरण अद्यावधिक गर्न नसकेका सामुदायिक र परम्परागत विद्यालयहरुले रु. ५०००/- र संस्थागत विद्यालयहरुले रु. १०,०००/- जरिवाना तिरेको भाउचर संलग्न गरी IEMIS अद्यावधिक गरी upload गर्नका लागि २०८० श्रावण ३ गते सम्म यस कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ।

..............................

अन्जु पाण्डेय
शाखा प्रमुख
शिक्षा तथा खेलकुद विकास शाखा

वरिष्ठ शाखा अधिकृत

"धार्मिक, साँस्कृतिक, पर्यटकीय समृद्ध नगर जनकपुरधाम"

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक सूचना तथा व्यवस्थापन शाखा।

सानोठिमी, भक्तपुर

मिति : २०८०।०३।२४

प.स.: शै.सू.व्य. २०७९/८०

च.नं. : ६८

विषय :IEMIS अद्यावधिक भएका विद्यालयहरुको विवरण बारे ।

श्री स्थानीय तह

सबै ।

प्रस्तुत विषयमा यस केन्द्रको च.नं. ५३ मिति २०८०।०२।१४ पत्रबाट सबै विद्यालयहरुलाई शैक्षिक सत्र २०८० को विवरण, एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS) मा २०८० आषाढ १५ गतेभित्र अद्यावधिक गर्न अनुरोध गरिएकोमा उक्त अवधिभित्र अद्यावधिक भएका विद्यालयहरुको विवरण यसै सूचनामार्फत सार्वजनिक गरिएको छ ।

यस सूचिमा विवरण संलग्न नभएका तर निर्धारित समयावधि भित्र अनलाइनमा विवरण अपलोड गर्दा Upload Successfully भनी System बाट जानकारी प्राप्त भएका विद्यालयहरुको अनलाइन प्रोफाइल अपडेट नभएका कारण Report नदेखिएको हुन सक्छ, तसर्थ त्यस्ता विद्यालयहरुलाई अनलाइन प्रोफाइल अपडेट गर्न सूचित गरिदिनु हुन र निर्धारित समयभित्र विवरण अद्यावधिक नगर्ने विद्यालयका हकमा स्थानीय तहले निर्धारण गरेको शर्त/मापदण्ड पुरा गर्न लगाइ मिति २०८० श्रावण ५ गते भित्र तहाँबाट नै अपलोड गर्ने व्यवस्थाका लागि निर्देशानुसार अनुरोध छ ।

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय इकाइ

(सबै): आवश्यक समन्वय एवम् सहजीकरण गर्नु गराउनु हुन ।

प्रविन बाबु भट्टराई

शाखा अधिकृत